# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक – ३५, २०८३ भदौ

**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, सञ्जालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। यो संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवाका साथै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक – ३५, २०८३ भदौ

## यस अंक भित्रः

**विषय-सूची** **पेज**

१. समावेशी पर्यटन प्रवर्द्धनका लागि बहिरा व्यक्तिहरुको लागि बारिस्टा तालिम सुरु - २
२. बाढी प्रभावित बहिरा नागरिकलाई राहत सहयोग - ३
३. पहुँचयुक्त शिक्षण सिकाइ सामग्री विकाससम्बन्धी तीनदिने कार्यशाला सम्पन्न - ४
४. अपाङ्गता तथा कार्यात्मक पहिचानसम्बन्धी तालिम सम्पन्न - ५
५. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण - ५

**विविध**

६. भक्तपुर बहिरा संघको अधिवेशन सम्पन्न - ५

**प्रकाशित समाचार**

- महिला News "अपाङ्गता विशेष : विपदमा बहिरा व्यक्तिहरु सूचनाको पहुँचबाट वञ्चित छौँ -सन्तोष केसी, अध्यक्ष, बहिरा महासंघ" यहाँ हेर्नुहोला। - ५
- SVT NYHETER News "Catastrophic landslide in the Himalayas: Deaf sufferers" - Here - ५
- समता प्रेस "अन्तर्राष्ट्रिय बहिरा सप्ताह ५ असोजदेखि ११ सम्म, नेपालमा कसरी मनाइदैछ?" यहाँ हेर्नुहोस्। - ५
- Disability Justice Project "Inside Nepal's Floods with Deaf surviour" - Here - ५

## १. समावेशी पर्यटन प्रवर्द्धनका लागि बहिरा व्यक्तिहरुलाइ बारिस्टा तालिम सुरु

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपालको सहकार्यमा २० जना बहिरा युवाहरुलाई एक महिने बारिस्टा तालिम टिन टंङ क्याफे एन्ड ट्रेनिङ सेन्टर जमल, काठमाडौंमा मिति २०८३ भाद्र ८ गते शुभारम्भ गरिएको छ। बहिरा व्यक्तिहरूको व्यावसायिक सीप विकास गरी स्वरोजगारका अवसर सिर्जना गर्ने एवं पर्यटन तथा आतिथ्य क्षेत्रमा उनीहरूको समावेशी सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले तालिम सन्चालन गरिएको हो। महासंघका अध्यक्ष सन्तोष के.सी.को सभापतित्व तथा दिगो पर्यटन



*सम्बोधन गर्नुहुदै अध्यक्ष केसी*

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

NDFN 1995

वर्ष -०४ अंक – ३५, २०८३ भदौ


परियोजनाका परियोजना व्यवस्थापक धर्मराज दवाडीको प्रमुख आतिथ्यतामा तालिमको उद्घाटन गरिएको थियो।



सम्बोधन गर्नुहुदै परियोजना व्यवस्थापक दवाडी

तालिममा सहभागीहरूलाई कफी तथा अन्य पेय पदार्थ तयार गर्ने, कफी मेसिन तथा उपकरणको प्रयोग, सरसफाइ तथा स्वच्छता, ग्राहक सेवा र कार्यस्थलमा आवश्यक व्यावसायिक व्यवहारलगायतका विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक सिप प्रदान गरिनेछ। उद्घाटन समारोहमा टिन टंङ क्याफे एन्ड ट्रेनिङ सेन्टरका सञ्चालक विजय कटवालले आफूहरूले विगत १२ वर्षदेखि बारिस्टा तालिम सञ्चालन गर्दै आएको उल्लेख गर्दै बहिरा युवालाई तालिम दिन पाउँदा खुसी व्यक्त गरेका थिए। दिगो पर्यटन परियोजनाका परियोजना व्यवस्थापक धर्मराज दवाडीले होटेल तथा रेस्टुरेन्ट क्षेत्रमा महिला र अपाङ्गता भएका व्यक्तिको सहभागिता न्यून रहेकाले सीमान्तकृत वर्ग र समुदायको सहभागिता बढाउने उद्देश्यले परियोजनाले काम गरिरहेको र होटेल रेस्टुरेन्टमा सिमान्तकृत समुदाय, महिला र अपाङ्गता भएका व्यक्तिको रोजगारी तथा भूमिका अभिबृद्दीमा तालिमले महत्वपुर्ण योगदान पुर्याउने बिश्वास ब्यक्त गर्नुभयो।




सामुहिक तस्बिर

राष्ट्रिय बहिरा महासङ्घ नेपालका अध्यक्ष सन्तोष केसीले बहिरा युवालाई लक्षित गरेर दिगो पर्यटन र उद्यमशीलतालाई समावेशी बनाउने प्रयास स्वरूप तालिम आयोजना गरिएको र सहभागीलाई तालिमलाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यमका रूपमा नलिई सिप बिकास गरी प्रयोगमा ल्याउन र जीवन परिवर्तन गर्ने अवसरका रूपमा उपयोग गर्न सुझाव दिनुभएको छ। तालिमपछि सहभागीहरूलाई होटल, क्याफे, बेकरी तथा पर्यटन क्षेत्रमा रोजगारी वा स्वरोजगारका अवसरसँग जोड्ने र आर्थिक आत्मनिर्भरता र सामाजिक सम्मान अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ।

- Bizpati बाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस्।
- समता प्रेसबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस्।

## २. बाढी प्रभावित बहिरा नागरिकलाई राहत सहयोग



बाढीले क्षतिग्रस्त क्षेत्र

भोटेकोशीमा आएको बाढीबाट प्रभावित बहिरा नागरिकहरूलाई बिभिन्न बहिरा संघ संस्थाहरु, सहयोगी मनहरुवाट प्राप्त आर्थिक सहयोगवाट राष्ट्रिय बहिरा महासंघ नेपालले राहत सहयोग उपलब्ध गराएको छ। मिति २०८३ भदौ १९ गते नुवाकोटका ६ जना र भदौ २१ गते रसुवाका ९ जना गरी जम्मा १५ जना बहिरा नागरिकलाई उनीहरूको आवश्यकताअनुसार राहत सामग्री तथा नगद सहयोग प्रदान गरिएको थियो। राहत सहयोग अन्तर्गत टर्च लाइट,

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक – ३५, २०८३ भदौ


झुल, पावर बैंक, छाता तथा खाद्य सामग्री वितरण गरिएको थियो। साथै, ग्यास तथा औषधि खरिदका लागि नगद सहयोगसमेत उपलब्ध गराइएको थियो।

राहत कार्यमा नुवाकोट बहिरा संघ र विदुर नगरपालिकासँग समन्वय गरी प्रभावित बहिरा नागरिकको आवश्यकता पहिचान, राहत वितरणमा आवश्यक सहजीकरण गरिएको थियो। विपद्का समयमा बहिरा नागरिकले पहुँचयोग्य सूचना, उद्धार, राहत तथा अत्यावश्यक सेवामा थप चुनौती सामना गर्नुपर्ने भएकाले आगामी दिनमा पनि विपद् व्यवस्थापनका सबै चरणमा बहिरा नागरिकको समावेशी तथा पहुँचयोग्य सहभागिता, सांकेतिक भाषाका दोभाषेको ब्यवस्था सुनिश्चित गर्न आवश्यक रहेको महासंघले जनाएको छ।



राहत सहयोग गर्नुहुदै अध्यक्ष सन्तोष के.सी.

## ३. पहुँचयुक्त शिक्षण सिकाइ सामग्री विकाससम्बन्धी तीनदिने कार्यशाला सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा अपाङ्गता अधिकारका लागि सामूहिक कार्य (CADiR - Collective Action for Disability Rights) को सहयोगमा ३ दिने पहुँचयुक्त शिक्षण सिकाइ सामग्री (Teaching-Learning Materials – TLMs) सम्बन्धी कार्यशाला मिति २०८३ भदौ १३ देखि १५ गते चितवनको भरतपुरमा सम्पन्न भएको छ। उक्त कार्यशालामा भरतपुर र कालिका नगरपालिकामा कार्यरत घरमा आधारित शिक्षक, स्रोत कक्षा शिक्षक तथा प्रारम्भिक बालविकास (ECD) शिक्षक गरी जम्मा २६ जनाको सहभागिता रहेको थियो। कार्यशालाको मुख्य उद्देश्य अपाङ्गता भएका विद्यार्थीका लागि समावेशी, पहुँचयोग्य, बहु-संवेदी र विद्यार्थी केन्द्रित शिक्षण सिकाइ सामग्री विकास तथा प्रयोग गर्न शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु रहेको थियो।




सामुहिक तस्बिर

कार्यशालामा सिकाइको सर्वव्यापी ढाँचाको (Universal Design for Learning – UDL) अवधारणालाई आधार मानी कम लागतमा स्पर्शात्मक (Tactile) तथा दृश्य (Visual) शिक्षण सिकाइ सामग्री विकास तथा निर्माण गर्न सिकाइएको थियो। यस तालिमवाट शिक्षकहरूलाइ विद्यार्थीको रूचि, आवश्यकता तथा सिकाइ क्षमताअनुसार शिक्षण सिकाइ सामग्री निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। तालिम कार्यक्रममा सहभागी शिक्षकहरुले कार्यशालाले विविध आवश्यकता भएका विद्यार्थीका लागि उपयोगी र पहुँचयुक्त शिक्षण सिकाइ सामग्री आफैं निर्माण गर्न व्यावहारिक सिप र मार्गदर्शन प्रदान गरेको बताएका थिए। सहभागी शिक्षकहरुले कार्यशालाबाट प्राप्त ज्ञान तथा सीपलाई कक्षाकोठामा प्रयोगगरी विद्यार्थीहरुलाई प्रभावकारी ढंगले सिकाउने प्रतिवद्धता जनाएका छन्।

## ४. अपाङ्गता तथा कार्यात्मक पहिचानसम्बन्धी तालिम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा अपाङ्गता अधिकारका लागि सामूहिक कार्य (CADiR – Collective Action for Disability Rights) सहयोगमा ३ दिने अपाङ्गता र कार्यात्मक पहिचान सम्बन्धी तालिम मिति २०८३ साउन २५ देखि २७ गते चितवनको, भरतपुरमा सम्पन्न भएको छ। उक्त तालिममा भरतपुर र कालिका नगरपालिकाका घरमा आधारित शिक्षक, स्रोत कक्षा शिक्षक तथा प्रारम्भिक बालविकास (ECD) शिक्षक गरी जम्मा ११ जनाको सहभागिता रहेको थियो। तालिमको मुख्य उद्देश्य शिक्षकहरूलाई बालबालिकामा प्रारम्भिक चरणमा नै अपाङ्गता पहिचान तथा कार्यात्मक पहिचानका लागि आवश्यक प्राविधिक सीप प्रदान गर्नु रहेको थियो। तालिमबाट सहभागीहरूले प्रारम्भिक स्क्रिनिङ तथा कार्यात्मक मूल्याङ्कन मार्फत बालबालिकाको आवश्यकता पहिचान गर्ने र सोही आधारमा वैयक्तिक शैक्षिक योजना निर्माण गर्ने सीप हासिल गरेका छन्। यस तालिमले शिक्षकहरू तथा घरमा आधारित शिक्षा सहजकर्ताहरूलाइ बालबालिकाको सिकाइ क्षमता, कार्यात्मक क्षमता तथा आवश्यक सहयोगको पहिचान गर्न र उनीहरूको सिकाइलाइ अर्थपूर्ण, गुणस्तरिय र प्रभावकारी बनाउने अपेक्षा गरेको छ। तालिमका क्रममा प्रारम्भिक स्क्रिनिङ, अपाङ्गता, कार्यात्मक पहिचान, बालबालिकाको वैयक्तिक आवश्यकता पहिचान तथा त्यसका आधारमा IEP तयार गर्ने प्रक्रियाका विषयमा सैद्धान्तिक जानकारीसँगै व्यावहारिक अभ्यास गराइएको थियो। यस तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई व्यवहारमा प्रयोग गर्दा बालबालिकाको सिकाइ, सहभागिता तथा समग्र विकासमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।



*सामुहिक तस्बिर*

## ५. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चारमा पहुँच सम्बन्धि विभिन्न नेपाली साङ्केतिक भाषाको भिडियो निर्माण कार्यलाइ निरन्तरता दिदै आइरहेको छ। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक तथा सहभागितामुलक भिडियो सामग्रीहरु प्रसारण गरिएको छ। भदौ महिनाको जानकारीमुलक भिडियो तल हेर्नुहोस् ।

- भदौ महिनाको "बहिरा आवाज" मासिक बुलेटिन भिडियो यहाँ हेर्नुहोस्।
- रसुवाको भोटेकोशी नदीमा आएको भिषण बाढी सम्बन्धी अर्को सूचना नआउंदा सम्मको लागि सबैजना सुरक्षित भिडियो यहाँ हेर्नुहोस्।
- बाढीपिडितका लागि राहत सहयोग सम्बन्धमा यहाँ हेर्नुहोस्।

## विविध

### ६. भक्तपुर बहिरा संघको अधिवेशन सम्पन्न


*नवनिर्वाचित कार्यसमितिहरुको सामुहिक तस्बिर*

मिति २०८३ भदौ २० गते सम्पन्न भक्तपुर बहिरा संघ, भक्तपुरको ३० औँ वार्षिक साधारण सभा तथा १५ औँ अधिवेशनबाट अध्यक्ष सुर्य बहादुर बुढाथोकीको नेतृत्वमा ७ सदस्य कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - सुशिल बोहजु, सचिव - राज कुमार दुलाल, कोषाध्यक्ष - बिष्णु प्रसाद खिम्बाजा तथा सदस्यहरुमा - सुशिल अधिकारी, मोहन केशरी प्रजापति र निर्मल आलेमगर निर्वाचित भएका छन्।

## प्रकाशित समाचारबाट

- महिला News "अपाङ्गता विशेष : विपदमा बहिरा व्यक्तिहरु सूचनाको पहुँचबाट वञ्चित छौँ -सन्तोष केसी, अध्यक्ष, बहिरा महासंघ" यहाँ हेर्नुहोला।
- SVT NYHETER News "Catastrophic landslide in the Himalayas: Deaf sufferers" - Here
- समता प्रेस "अन्तर्राष्ट्रिय बहिरा सप्ताह ५ असोजदेखि ११ सम्म, नेपालमा कसरी मनाइदैछ?" यहाँ हेर्नुहोस्।
- Disability Justice Project "Inside Nepal's Floods with Deaf surviour" - Here

**हाम्रा साझेदार संस्थाहरु :-**



**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

